रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम

## औषधि तथा सर्जिकल सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना !

प्रथम पटक प्रकाशित मिति: २०८०।०२।०२

**ठेक्का नं.*RRM/ILAM/SQ/GOODS/079/080-04***

यस रोङ गाउँपालिकाको कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७९/०८० का लागि आवश्यक आधारभूत तथा आकस्मिक सेवाको लागि औषधि र स्वास्थ्य सुरक्षा सामाग्रिहरु सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी/ तथा आपूर्ती कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. सिलबन्दी दरभाउ पत्र पेश गर्ने व्यवसायीहरु तथा आपुर्ति कर्ताहरुले चालु आ.ब.को लागि नवीकरण भएको व्यवसाय दर्ता पमाण-पत्र, आ.ब. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाण-पत्र तथा मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, औषधि व्यवस्था विभागबाट प्राप्त इजाजत पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य संलग्न राखी सिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।

२. सिलबन्दी दरभाउ पत्र सम्बन्धी अन्य जानकारीको लागि रोङ गाउँपालिकाको कार्यालय ईलामको सम्पर्क नं. ९८५२६४२०२०, E-mail: www.rongmun.gov.np साथै PPMO website www.bolpatra.gov.np मा हेर्न सकिने छ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्ने व्यवसायीहरुले दरभाउपत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत सिलबन्दी दरभाउ पेश गर्नु पर्ने छ।

४. **दरभाउपत्र फाराम खरिद दस्तुरको बैंक दाखिला सम्बन्धी जानकारी:**
   - बैंकको नाम र ठेगाना: नेपाल ईन्भेस्टमेन्ट मेगा बैंक लिमिटेड, रोङ शाखा कार्यालय ईलाम।
   - कार्यालयको नाम: रोङ गाउँपालिका, ईलाम।
   - खाता नं. 1070010023128 (आन्तरीक राजश्व खाता)

५. सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति: २०८०/०२/१६ गते कार्यालय समयसम्म।

६. सिलबन्दी दरभाउ पत्र पेश गर्दा PPMO's e-GP system www.bolpatra.gov.np/egp मार्फत मिति: २०८०/०२/१७ गते दिनको १२ बजेसम्ममा दर्ता गराई सक्नुपर्नेछ।

७. दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र मिति २०८०/०२/१७ गते दिनको १ बजे दरभाउ पत्रदाता स्वंयम वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

८. दरभाउ पत्रको मान्य अवधि दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ।

९. दरभाउ पत्रदाताले जमानत बापतको रकम नगदै जम्मा गर्नु पर्ने भएमा रोङ गाउँपालिकाको कार्यालय ईलामको ने.ई.मे.बै.लि. शाखा कार्यालय ईलाम स्थित धरौटी खाता नं.1070010011592 मा धरौटी रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको (दरभाउ पत्र पेश गर्ने अन्तिम मितिबाट) मान्य अवधि भएको बैंक जमानत पत्र पेश गर्नु पर्नेछ।

१०. पेश भएका दरभाउ पत्र आंशिक, आइटम वाइज वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

११. खरिद गरिने औषधिको प्रयोग गर्ने अवधि यस कार्यालयको स्टोरमा दाखिला हुँदा कमतिमा १८ महिना बाँकी रहको हुनु पर्ने छ। र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा ७५% बाँकी रहेको हुनु पर्ने छ।

१२. दरभाउ पत्रदाताले आफूले दिन चाहेको औषधिको उत्पादन कम्पनी र उत्पादन भएको मुलुकको नाम प्रष्ट सँग उल्लेख गर्नु पर्ने छ।

१३. दरभाउ पत्रदाताले सप्लाई गर्ने औषधी WHO-GMP Certified कम्पनिको हुनु पर्ने छ।

१४. दरभाउ पत्रमा उल्लेखित सामाग्रीको परिमाण कार्यालयले आवश्यकता अनुसार थप घट गर्न सक्ने छ, थपघट भएता पनि दरभाउ पत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन।

१५. दरभाउपत्र दाताले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधि प्याकिङ्ग (स्ट्रीप, बोत्तल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एक्सपाइरी मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र ***"नेपाल सरकारबाट नि:शुल्क बितरणको लागि"*** वा ***"यो औषधि बिक्रीका लागि होइन"*** भनी प्याकिङ्गमा स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ। सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन।

१६. सप्लाई हुने सबै झोल तथा पाउडर औषधिहरु प्लाष्टिक बोत्तलमा प्याकिङ भएको हुनु पर्ने छ।

१७. दरभाउ पत्र पेश गर्दा औषधि तथा सर्जिकल सामानहरुको Price Schedule अनिवार्य पेश गर्नु पर्ने छ साथै उक्त Price Schedule र e-Bid मा पेश भएको BOQ को भ्याट बाहेकको रकमको आधारमा मूल्याङ्कन हुनेछ।

१८. दरभाउ पत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ साथै अपलोड गर्ने कागजातहरु PDF format मा हुनुपर्नेछ।

१९. यसमा उल्लेख हुन छुट भएका अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन -२०६३, सार्वजनिक खरिद नियमावली - २०६४ तथा प्रचलित कानुन बमोजिम हुने छ।

**ठेक्का सम्बन्धी विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (मु.अ.कर बाहेकको) रु. | ठेक्का जमानत रकम रु. | दरभाउ पत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | *RRM/ILAM/SQ/GOODS/079/080-04* | औषधि तथा सर्जिकल सामाग्री खरिद | ९,९८,०७८ | २५,०००।- | १,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत
रोङ गाउँपालिकाको कार्यालय, ईलाम

दिपेन्द्र दहाल
प्रमुख प्रशासकीय अधिकृत